# CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

Thankot, Kathmandu, www.chandragirihills.com
Phone no : + 977 4312515

## १३औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०८/२९)

**आदरणीय शेयरधनी महानुभावहरू,**

मिति २०७९ साल मंसिर २८ गते बुधवार बसेको यस कम्पनीको संचालक समितिको ३८ औं बैठकले निर्णय गरे अनुसार यस कम्पनीको १३ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने :**

**मिति** : २०७९ साल पौष २१ गते विहिवार (तदनुशार जनवरी ५,२०२३ )
**समय** : दिनको ११.०० बजे
**स्थान** : चन्द्रागिरि हिल्स लिमिटेडको कार्यालय थानकोट परिसरमा ।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरू**

१. संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात,नाफा नोक्सान हिसाव विवरण सहितको लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
३. कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व.२०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमीक निर्धारण गर्ने ।
४. संस्थापक शेयरधनीको तर्फवाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने सम्वन्धमा ।

**(ख). विविध ।**

**संचालक समितिको आज्ञाले**
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारी:

१. १३ औं वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०७९/०९/१२ गते मंगलवार एक दिन बन्द रहने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा बुकक्लोज भन्दा अगाडीको दिनसम्म कारोबार भई नियमानुसार यस बैकको शेयर रजिष्ट्रार ग्लोबल आईएमइ क्यापिटल लिमिटेड नक्साल, काठमाडौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन पाउने छन् ।
२. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरूले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन । नाबालक शेयरधनीहरूको तर्फबाट नाबालकको संरक्षण वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन । शेयरधनीहरूको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
३. संयूक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्धारा मनोनित गरिएको साझेदाले वा निजहरूले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।
४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुने छ ।
५. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको कार्यालय थानकोट, काठमाण्डौमा बुझाई सक्नुपर्नेछ ।
६. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी बैंकको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो वाहेकको प्रोक्सी मान्य हुने छैन । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नुभएमा अगाडी दिइएको प्रोक्सी स्वत: वदर हुनेछ ।
७. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषय वारे सभा हुनु भन्दा ७ दिन अगावै यस कम्पनीको थानकोट काठमाण्डौ स्थित कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।
८. सञ्चालक निर्वाचन सम्वन्धि विस्तृत कार्यक्रम निर्वाचन अधिकृत मार्फत कम्पनीको थानकोट काठमाण्डौ स्थित कार्यालयको सूचना पाटीमा सभा हुनुभन्दा १० दिन अगावै टाँस गरिनुका साथै कम्पनीको आधिकारिक वेवसाईट www.chandragirihills.com मा समेत उपलब्ध गराइने छ ।
९. आफ्नो परिचयपत्र सहित कम्पनीले जारी गरेको प्रवेश -पत्र वा शेयर प्रमाण पत्र वा कम्पनीको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता (DEMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभामा भाग लिन पाईनेछ ।
१०. शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन बिहान ९:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ ।
११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरूले यथाशक्य झोला ,प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।

**द्रष्टव्य :** कम्पनीको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनलाईन माध्यमबाट पठाईनेछ । कारणवश उक्त प्रतिवेदन प्राप्त हुन् नसकेमा कम्पनीको रजिष्टार्डको कार्यालय पानी पोखरी वा कम्पनीको कार्यालय थानकोट काठमाण्डौबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै साधारणसभासंग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरू यस कम्पनीको वेवसाईट www.chandragirihills.com मा पनि राखिएको हुँदा त्यहाँवाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

श्री सञ्चालक समिति
**चन्द्रागिरि हिल्स लिमिटेड**
थानकोट, काठमाडौं ।

**प्रतिनिधि - पत्र (प्रोक्सी फाराम )**

**विषय : प्रतिनिधि नियुक्त गरेको वारे ।**

महाशय,

...................... जिल्ला ................ न.पा./गा.पा. वडा नं ............बस्ने म/हामी ........... ले त्यस चन्द्रागिरि हिल्स लिमिटेडको शेयरधनीको हैसियतले २०७९ पुस महिना २१ गते विहिवार हुने तेहौ वार्षिक साधारण सभामा उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..............जिल्ला .................. न.पा./गा.पा. वडा नं ................बस्ने त्यस कम्पनीको शेयरधनी श्री ............................शेयरधनी नं /BOID No ............... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरी पठाएको छु/छौं ।

**निवेदक**

दस्तखत .......................
नाम :.........................
ठेगाना :.......................
शेयरधनी नं BOID No.....................
शेयर संख्या :.........................
मिति : ....................................

**द्रष्टव्य :**

१) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा शेयरधनी वाहेक अरुलाई गर्न पाईने छैन ।
२) यो निवेदन साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालय थानकोट , काठमाण्डौमा पेश गरि सक्नुपर्ने छ ।

..........................................................................................................................

**प्रवेश पत्र**

शेयरधनी नं BOID No.....................
शेयरधनीको नाम.........................
शेयर संख्या :...........................

२०७९ साल पुस महिना २१ गते, विहिवार यस कम्पनीको तेहौ साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

...................... ......................
शेयरधनीको हस्ताक्षर आधिकारिक दस्तखत

**द्रष्टव्य :**

१) शेयरधनी आफैले खाली कोष्ठहरू भर्नु होला ।
२) सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध छ ।